*२०६६ आश्विन २५ गते रोज १*

# ट्रेकिङ्ग ऐजेन्सिज् एसोसिएसन अफ नेपाल (टान)
# र
# अखिल नेपाल पर्यटन मजदुर संघ
# बीच भएको समझदारी पत्र

## प्रस्तावना

अखिल नेपाल पर्यटन मजदुर युनियनले मिति २०६६ श्रावण १८ गतेका दिन पदयात्रा पर्यटन व्यवसायमा विभिन्न हैसियतमा यस संघका सदस्य कम्पनीहरुमा कार्यरत् रहेको कामदार मजदुरहरुले विद्यमान अवस्थामा खाईपाई आएको ज्याला र तलव सुविधा लगायत अन्य विभिन्न सेवा सुविधाहरुमा समेत वृद्धि तथा समायोजन गर्नको लागि समयसिमा तोकी पेश गरेको माग पत्रको सम्बन्धमा यस संघको र अखिल नेपाल पर्यटन मजदुर संघको तर्फबाट गठन गरिएको हस्ताक्षरको महलमा उल्लेख भए अनुसारको वार्ता टोलीका सदस्यहरुको बीचमा व्यापक छलफल, अध्ययन र परामर्श गरी यस वर्ष सन् २००९ को डिसेम्बरसम्म लागू हुने गरी तपसिलको बुँदाहरुको अधिनमा रही कार्य गर्न गराउन दुबै पक्ष पूर्ण सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

## सम्झौताका बुँदाहरु :

१. अखिल नेपाल मजदुर संघको तर्फबाट पेश गरिएको मागपत्रले उठाएका मागहरु मध्ये यस मौसम वा सन् २००९ को डिसेम्बरसम्मको लागि मात्र लागू हुने गरी ज्याला बृद्धिको सम्बन्धमा तपसिल बमोजिम नयाँ दररेटमा ज्याला भुक्तानी गर्न सहमती गरियो ।

<u>तपसिल</u>

(क) अखिल नेपाल पर्यटन मजदुर संघ र यस संघ (टान) बीच मिति २०६४ अश्विन २४ गते भएको सम्झौताले निर्धारण गरेको दरमा क्षेत्रगतरुपमा काम गर्ने कामदार/मजदुरहरुको ज्यालामा टि हाउस/लज ट्रेकको लागि प्रति व्यक्ति थप रु. १५०।०० (अक्षरेपी एक सय पचास मात्र) र क्याम्पिङ्ग ट्रेक को लागि सहयोगी मजदुर (पोर्टर) बाहेकको हकमा रु.१००।०० ( अक्षरेपी एक सय मात्र) वृद्धि गरी सो न्युनतम ज्याला आजकै मितिबाट लागू गर्ने सहमती भयो ।

(ख) उपरोक्त बमोजिम नयाँ कायम गरिएको ज्याला दररेट भित्र क्याम्पिङ्ग ट्रेक बाहेकमा खानाको छुट्टै सुविधा उपलब्ध हुने छैन ।

(ग) क्याम्पिङ्ग ट्रेकको हकमा सहयोगी मजदुर (पोर्टर) लाई खाना मजदुर आफैले व्यवस्था गरेमा बुँदा १ (क) अनुसार रु.१५०।०० वृद्धि कायम गरिने छ ।

२. मागपत्रमा उठाइएका विभिन्न मागहरु जस्तैः मजदुरहरुको खोज तथा उद्धार, दुर्घटना, औषधोपचार र क्षतिपूर्ति (थप) वीमा, मजदुर कल्याणकारी कोषको स्थापना, शर्तसहितको नियुक्ती पत्र र मजदुरहरुको लागि परिचय पत्रको व्यवस्था, मजदुरहरुको लागि क्लोथ बैंक, स्थानीय होटल तथा लजहरुले मनोमानी ढंगले कामदार मजदुरहरुलाई लिइने खाना वापतको रकमलाई व्यवस्थित गरिनु पर्ने र व्यवसायको प्रकृति अनुरुप मजदुरहरुलाई स्वच्छ ज्याला भुक्तानी गरिनु पर्ने लगायतका मागहरु जायज भएको कुरा वार्ता टोलीको सबै सदस्यहरुले सकारात्मक रुपमा लिइयो । साथै विद्यमान अवस्थामा पदयात्रा पर्यटनको मौसम शूरु भइसकेको र त्यसमा पनि यस मौसममा संचालन हुने अधिकांश पदयात्रा कार्यक्रमहरु अधिल्ला मौसममा र न्यूनतम रुपमा ६ महिना अगावै पर्यटकहरुसाग दररेट तय भइसकेको पक्षलाई पनि मध्यनजर गरी माग पत्रले अघि सारेका सबै मागहरुलाई आगामी वर्षदेखि प्रभावकारी कार्यान्वयन गर्न बहुसरोकारवालाहरु (सरकारका सम्बन्धित निकायहरुका प्रतिनिधिहरु समेत) को एक छुट्टै कार्यदल निर्माण गरी नीति, नियमहरुको तर्जूमा र जिम्मेवार पर्यटनको अवधारणालाई समेत समावेश गरी मागहरुको दीर्घकालिन सम्बोधन गर्न जरुरी भएको पक्षलाई मध्यनजर गरी आगामी सन् २००९ को डिसेम्बर १५ तारिख भित्र उक्त कार्यदलले

आवश्यक कार्य गरी सन् २०१० को जनवरी देखि लागू हुने गरी सबै मागहरुलाई एउटै प्याकेजको रुपमा समाधान गर्न दुबै पक्ष सहमत भयो ।

३. पर्यटन व्यवसायी र यससाग आवद्ध कामदार मजदुरहरु एकअर्काका परिपुरक भएको पक्षलाई मध्यनजर गरी अगामी दिनमा व्यवसायीहरु र मजदुरहरुले पनि उत्तिकै जिम्मेवार ढंगबाट आफ्नो पेशाको कार्य गर्नु पर्ने कुरालाई मनन् गरी क्षेत्रगत् रुपमा कामदार मजदुरहरुबाट हुने गैरजिम्मेवारीपन, गलत आचरण लगायत मजदुरहरु कै बीचमा सेवा तथा सुविधा वितरणमा हुने विभेदकारी र गैर अनुसाशित क्रियाकलापलाई रोक्नु पर्ने कुरामा समेत दुबै पक्ष सहमत भयो । यसको अनुगमन दुवै पक्षले संयुक्त एवं आफ्नो पक्षबाट अनुगमन गर्ने सहमती भयो ।

४. यस समझदारी पत्रमा हस्ताक्षर भए पश्चात अखिल नेपाल पर्यटन मजदुर संघको तर्फबाट संघर्षका कार्यक्रमहरु फिर्ता लिने सहमती भयो ।

५. यस समझदारी पत्रमा उल्लेख भएका बुादाहरु दुबै पक्षले पढी बााची, आफ्नो स्वविवेकले बिना करकाप आपसी राजीखुशीका साथ हस्ताक्षर गरी एक/एक प्रति बुझि लियौं/दियौं ।

| **टान वार्ता टोलीको तर्फबाट** | **अनेपमसंघको वार्ता टोलीको तर्फबाट** |
|---|---|
| (क) सिताराम सापकोटा, अध्यक्ष, टान | (क) गोविन्द पौडेल, अध्यक्ष, अनेपमसंघ |
| (ख) बच्चुनारायण श्रेष्ठ, प्र. उपाध्यक्ष, टान | (ख) मुकुन्द पोखरेल, महासचिव, अनेपमसंघ |
| (ग) सुमन दहाल, का. स. टान | (ग) निर्मल पाण्डे, सदस्य, अनेपमसंघ |
| (घ) निमा नुरु शेर्पा, पूर्व प्रथम उपाध्यक्ष | (घ) प्रकाश श्रेष्ठ, प्रतिनिधि, अनेट्रेयूमहासंघ |
| (ङ) मोहन लम्साल, पूर्व कोषाध्यक्ष | |

ईति सम्बत् २०६६ आश्विन २५ गते रोज १ शुभम्

*मितिः २०६४, असोज, २७ गते आईतबार*

# ट्रेकिङ एजेन्सीज एसोशिएसन अफ नेपाल (टान)
# र
# अखिल नेपाल ट्रेकिङ्ग ट्राभल्स एण्ड राफ्टिङ्ग मजदुर संघको बिचमा भएको

## सम्झौता पत्र

अखिल नेपाल ट्रेकिङ्ग ट्राभल्स एण्ड राफ्टिङ्ग मजदुर संघले विगत लामो समयदेखि ट्रेकिङ एजेन्सीज एसोशिएसन अफ नेपाल (यसपछि टान भनिएको छ ) समक्ष पेश गरेको विभिन्न मागहरुको सम्बन्धमा टान र अखिल नेपाल ट्रेकिङ्ग ट्राभल्स एण्ड राफ्टिङ्ग मजदुर संघ केन्द्रिय समितिको बिचमा विभिन्न चरणको वार्ता तथा छलफल सम्पन्न भई आज मिति २०६४/०६/१४ तदनुसार अक्टोबर १, २००७ गते बसेको द्विपक्षिय वार्ताबाट तपशिलका बुदाहरुमा सहमती भएकोले दुबै पक्षका प्रतिनिधिहरुले यो सम्झौतामा हस्ताक्षर गरी एक एक प्रति बुझी लियौ दियौं । यस सम्झौतामा सहमती भएका कुराहरु टानबाट सम्पूर्ण ट्रेकिङ्ग कम्पनीहरुलाई आवश्यक कायार्थ परिपत्र गरिनेछ ।

### सहमतीहरु

**१. नियूक्तिपत्रको सम्बन्धमा :**

सम्पूर्ण ट्रेकिङ्ग कम्पनीहरुले लगातार २ वर्ष कार्यरत मजदुरहरुलाई (गाईड, कुक, सरदार, लिडर) स्थायी नियुक्ति पत्र दिने सो अवधी नपुगेकालाई अस्थायी नियुक्ति पत्र दिने, नियुक्ती पत्रमा नै सम्बन्धित कम्पनी र कामदार बीचको समभ्रुदारी अनुसार सेवा, सुविधा र शर्तहरु खुलाएर दिने र कार्यलयको कामदार कर्मचारीहरुलाई श्रम ऐन बमोजिम नियुक्ति पत्र दिनु पर्ने । नियुक्ति पत्र भित्र उल्लेखित सेवा, सुविधा र सर्तले मात्र कानूनी मान्यता पाउने सहमती भयो ।

**२. कल्याणकारी कोष सम्बन्धमा :**

प्रतिष्ठान स्तरमा सम्पूर्ण ट्रेकिङ्ग कम्पनीले मजदुर कल्याणकारी कोष निर्माण गरी संचालन गर्नु पर्नेछ । कोष संचालनको लागि कामदार कर्मचारी प्रतिनिधि ६६ प्रतिशत ब्यवस्थापन प्रतिनिधि ३३ प्रतिशत रहने गरी संचालक समितिको गठन गरी सोही संचालक समितिले कोषको सञ्चालन गर्नेछ ।

**३. औपधिउपचार र विमाको सम्बन्धमा :**

ट्रेकिङ्ग कम्पनीहरुले दुर्घटना विमा र मेडिकल विमा गर्नु पर्नेछ । फिल्डमा कार्यरत अवधिको उपचार खर्च विमाबाट प्राप्त रकमबाट व्यहोरिने छ । तत्काल उपचारको काम कम्पनीबाट गराउनु पर्ने र सो रकम पछि विमा रकमबाट सोध भर्नाबाट कम्पनीले लिन मिल्ने गरी व्यवस्था गरिने छ । आपतकालिन सेवा सम्बन्धमा परिस्थिति हेरी मानवियताको आधारमा आकस्मिक फ्लाईटको लागि ईन्स्योरेन्स गर्न पहल गरिनेछ ।

**४. ट्रेनिङ्ग सम्बन्धमा :**

ट्रेकिङ्गको आधुनिकता, विशिष्टतालाई अझ अगाडी लैजान कामदार कर्मचारी (श्रमिक) लाई आवश्यक ट्रेनिङ्गको ब्यवस्था कम्पनिले गर्ने छ ।

**५. पालो सम्बन्धमा :**

फिल्ड स्टाफलाई well equiped र conditional queue system को ब्यवस्था गरिनेछ । कामदार कर्मचारीको अनुभव, क्षमता, शैक्षिक योग्यता, भाषा, ग्राहकको माग तथा भ्रमणको प्रकृतिलाई मध्यनजर गरी आपसी सहमतिको आधारमा पालो सिस्टममा समानता कायम गर्नेछ ।

**६. भारीको तौल सम्बन्धमा :**

पोर्टरको हकमा अधिकतम ३० के.जी को भारीलाई लागु गरिनेछ ।

**७. कर्मचारीको काम र कर्तव्य :**

ट्रेकिङ्ग व्यवसाय विशुद्ध सेवामूलक व्यवसाय भएकोले सेवामा प्रश्न चिन्ह खडा भएमा व्यापार नै गुम्न गई कम्पनी धरासायी हुने भएकोले ट्रेकमा जाने कामदारहरुले आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गर्नु पर्ने हुन आउंछ । सेवा दिंदा कम्पनीले कबुल गरेका र आफूले निर्वाह गर्नु पर्ने दायित्व कामदार कर्मचारीले इमानदारीपूर्वक पुरा गर्नु पर्छ । त्यस्तो दायित्व पूरा गर्दा नियतवश बदमासी भए गरेमा वा लापरवाहीबाट कुनै पर्यटक वा नीजलाई प्रदान गरिने सेवामा असर पर्ने वातावरण सिर्जना गरी पर्यटक सेवाबाट विचलित हुने तथा व्यापार भड्काउने काम गरेको प्रमाणित भएमा त्यस्ता कर्मचारीलाई अविलम्ब सेवा मुक्त गरी आबस्यक क्षतिपूर्ति गराई ट्रेकिङ एजेन्सीज एसोशिएसन अफ नेपाल (टान)मा त्यस्ता कर्मचारीको रेकर्ड राख्ने व्यवस्था गरिनेछ ।

**८. ट्रेकिङ्ग रुटको विकास गरिने सम्बन्धमा :**

दुवै पक्षको आपसी तथा संयुक्त पहलमा नया ट्रेकिङ्ग रुटको पहिचान गरी संचालन गरिनेछ ।

**९. फिल्ड भत्ता एवं ज्याला सम्बन्धमा :**

फिल्डमा कार्यरत कामदार कर्मचारीहरुको हकमा न्यूनतम फिल्ड भत्ता एवं ज्यालाको दर निम्न बमोजिम कायम गरी लागु गर्ने सहमति गरिएकोछ ।

**दैनिक ज्यालाको सम्बन्धमा**

## For Tea House Trekking

| For Annapurna and Langtang Region | | For Everest Region | |
|---|---|---|---|
| For guide | Rs. 550/- | For guide | Rs. 650/- |
| For Assistant Guide | Rs. 500/- | For Assistant Guide | Rs. 550/- |
| For porter | Rs. 400/- | For porter | Rs. 500/- |

(माथि उल्लेखित पारिश्रमिकमा कामदार कर्मचारीको खाना बस्न समेत समावेश छ ।)

## For Camping Trekking

| | | |
|---|---|---|
| For guide | | Rs. 400/- |
| For cook | | Rs. 350/- |
| For kitchen helper | | Rs. 300/- |
| For Assistant Guide | | Rs. 300 /- |
| For porter | | Rs. 400/- |
| For porter | Dolpo, Makalu, K.Junga, Everest | Rs. 500/- |

माथि उल्लिखित पारिश्रमिकमा भरिया बाहेक कामदार कर्मचारीहरुको खाना तथा बस्न व्यवस्था कंम्पनिको नियमानुसार हुनेछ । भारी बोक्ने जस्लाई यहां हेल्पर या सहयोगी भनिएको छ, को दैनिकि ज्यालामान निजहरु आफैले नै खाना र बासस्थानको ब्यबस्था गर्नु पर्ने छ । बताबरणको हिसाबले अति संबेदनशिल क्षेत्रको पदयात्रा मार्गमा भने संबधित कंपनिलेनै मट्टितेल र सामूहिक पालको ब्यवस्था गरी दिनु पर्ने छ ।

१०. नेपाल बाहिरका लागि कामदार कर्मचारीको न्युनतम ज्यालादर प्रति दिन US $ 10 बराबरको नेपाली रुपैया हुनुपर्ने र खाना, बस्न, वेल ईक्यूप्मेन्टको व्यवस्था हुने पर्नेछ ।

११. कामदार कर्मचारी र व्यवस्थापनको बिचमा कुनै पनि विषयमा विवाद एवं असमझदारी तथा कर्तव्यबाट च्युत भई पेशा व्यवसाय तथा कम्पनीलाई असर पर्ने काम कामदारबाट भई विवाद उठेमा व्यवस्थापन र कामदार

कर्मचारीको आपसी सहमतीबाट विवादको समाधान गरिनेछ । व्यवस्थापन र कामदार कर्मचारीको आपसी सहमतीबाट विवाद समाधान हुन नसकेमा टान र अखिल नेपाल ट्रकिङ्ग ट्राभल्स तथा राफ्टिङ्ग मजदुर संघको संयुक्त कार्यदल मार्फत विवाद समाधान गरिनेछ । अन्य विषयमा कम्पनी र कामदार कर्मचारीको बीच कुनै किसिमको विवाद आएमा सम्बन्धीत कम्पनीको आचार संहिता र मजदुर संघको नीति नियम अनुसार निकास निकालिने छ ।

१२. Trekking Peak चढे बापत पाउने न्यूनतम Equipment Charge निम्न अनुसार हुनेछ ।
१. एक देखि तीन जना सम्म क्लाईम्बीङ्ग टीमलाई US $ 225 बराबरको नेपाली रुपैया ।
२. तीन जना भन्दा माथि जति सुकै भएपनि एउटै गाईडले क्लाईम्बीङ्ग गराउनु परेमा US $ 250 बराबरको नेपाली रुपैया हुनु पर्ने ।

**<u>एक अर्कामा सहयोगी बन्ने :</u>**

ट्रेकिङ्ग एजेन्सीज एशोसिएशन अफ नेपाल (टान)ले आफ्ना व्यवसायीक सदस्य कम्पनीहरुलाई अझ सफल र जिम्मेवार बनाउने क्रममा अघि सारिएको Trekking Registration Certificate (TRC) / Trekkers Information Management System (TIMS) र हिमचुली आरोहण अनुमति पत्र जारी गर्ने र त्यसका आम्दानीहरुलाई पारदर्शी हिसाबले त्यसका सम्पूर्ण सरोकारवालाहरु बीच उपयुक्त सहकार्यका माध्यमबाट उचित प्रयोग गर्ने अभियानमा यस संग सम्बन्धीत सम्पूर्ण हिमचुली क्षेत्र, व्यवसायीक संघ संस्था, आरोहण पेशामा आवद्ध आरोहीहरु र पर्यटन पेशालाई आफ्नो जीवन बनाएर आउनु भएका व्यवसायी र व्यवसायसंग आवद्ध मजदुरहरुलाई आह्वान गर्ने अभियान अन्तर्गत एक हिस्सेदार बन्न अखिल नेपाल ट्रेकिङ्ग, ट्राभल तथा राफ्टिङ मजदुर संघ दृढ रहेकोमा आभार व्यक्त गर्दै टानको निम्न उल्लिखित अडानमा पूर्ण समर्थन जनाउने प्रतिवद्धता व्यक्त गर्दछ । साथै यस अभियानको हिस्सेदार बन्न यस पेशासंग सम्बद्ध सम्पूर्ण मजदुर संघ संस्थाहरुलाई प्रोत्साहित गर्न दृढ रहने छ ।

क) Trekking Registration Certificate (TRC) / Trekkers Information Management System (TIMS) टानबाट नै कार्यन्वयन हुनुपर्दछ ।

TIMS बाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आवश्यक रकम संकलन गर्ने, संम्पूर्ण अस्थायी प्रकृतिका मजदुरहलाई जिम्मेवारी बारेमा संयुक्त रुपमा Orientation (तालिम) दिने र टानले परिचय पत्र उपलब्ध गराई र उक्त परिचय पत्र भएका व्यक्तिलाई मात्र पर्यटन मजदुरको मान्यता दिईनेछ । परिचय पत्र बोकेकालाई काममा प्रमाणितता प्रदान गर्ने र उहांहरुको दुर्घटना विमा, कार्य संम्पादन क्रममा भईपरी आउने संभावित भवितव्य र आवश्यक लत्ता, कपडा र समय सापेक्ष ट्रेनिङ्गको लागि टानले मात्र TIMS बाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आवश्यक रकम संकलन गरीनेछ । यसको लागि कुनै कानुनी बाधा अडचन भएमा त्यो हटाउन संयुक्तरुपमा प्रयास गरीनेछ ।

ख) उच्चहिमाली भू-भागमा रहेका हिमचूलीहरुकोलागी टानलेनै आरोहण अनुमतीपत्र जारीगर्ने व्यबस्था गरिने छ ।

संपुर्ण आरोहण गतिबिधि टान आबद्ध संस्थाहरु मार्फत हुदै आएतापनि यस्को प्रमाणपत्र र आर्थीक संकलन र खर्चको लागी अन्य यो भन्दा कम जिम्मेवार निकायलाई आधिकारीक मान्यता दिदै आएकोमा अब उप्रन्त राज्यले आफै उठाउदै आएको बाहेकका उच्चहिमाली भू-भागमा रहेका हिमचूलीहरुकोलागी टानले जारीगर्ने आरोहण अनुमतीपत्रलाईनै आधिकारीक मान्न राज्यलाई अनुरोध र आवश्यक परे संयुक्त दवाव दिनेछ ।

अ) साथै उक्त आरोहण पत्र जारी गर्दा प्राप्त हुने रकम टानमा बिशेष आरोहण कोष बनाई संकलन गर्ने र उठेको रकमको बिनियोजन पनि न्यायपूर्ण तरिकाले गर्ने ब्यबस्था मिलाउन आबश्यकता भएमा नेपाल सरकारलाई आवश्यक नियम, बिनियम संसोधन वा नयाँ बनाउन अनुरोध गरिनेछ ।

आ) आरोहिहरु र आरोहि दललाई टानले एक बिशेष खालको आरोहण अनुमति पत्र उपलब्ध गराउने छ । यस कममा टानको नेतृत्वमा एक कार्यदल बनाईने छ । जसले रकम र एक दलमा रहने संख्या र आरोहण शुक्ल समेत पुनर्मूल्याङ्कन गर्न सक्नेछ ।

इ) हिमचुलीहरुबाट उठेको रकम मध्ये ५० प्रतिशत संबन्धीत पदयात्रा मार्ग र हिमचुली रहेको गाउँ/जिल्लाको पर्यटनकोषमा उपलब्ध गराउने ब्यबस्था गरिने छ । जुन रकम पर्यटन संग संबन्धित गतिबिधिहरुमा खर्च गर्न पोत्साहित गरीनेछ । आवश्यक नियम र निर्देशीका जारी नभईसकेको अवस्थामा उक्त संकलित रकमलाई एक हिमचुली कोष बनाई जम्मा गरिनेछ ।

ई) हिमचुलीहरुबाट उठेको २५ प्रतिशत आम्दानी राष्ट्रिय स्तरको अलपाईन क्लब, आरोहण पेशा संग आवद्ध संघ संस्था, अरोहण प्रशिक्षण संग सम्बन्धीत संस्थाहरुको सहकार्यमा पदयात्रा र आरोहणका कारिन्दाहरुको कार्य बिशिष्सटिकरण तालिम, दुर्घटना र भईपरि आउने शिर्षकमा खर्च गर्न एक अल्पाईन कोष खडा गरिने छ ।

उ) हिमचुलीहरुबाट उठेको बाँकी २५ प्रतिशत रकम उच्च पीक र विभिन्न पर्यटन उत्पादनको बजारीकरणको लागि आवश्यक अभियानमा खर्च गर्ने ब्यबस्था मिलाईने छ जस्को लागी “टान हिमचुली प्रबर्द्धन कोष” बनाईनेछ ।

माथिको गतिविधि र संकलनको लागि टानले कुनै कानूनी बाधा अड्चन भए फुकाउन यसै पेशासंग सम्बन्धित समान प्रकृतिको अन्य ट्रेड युनियनहरु संग पनि संयुक्त रुपमा सहकार्यको लागि तयार रहने प्रतिवद्धता व्यक्त गर्दै सहमतिको यो क्षण प्रति खुसी व्यक्त गर्दछ ।

**अखिल नेपाल ट्रकिङ्ग ट्राभल्स तथा राफ्टिङ्ग मजदुर संघको**

१. श्री गोविन्द पौडेल, अध्यक्ष

२. श्री मुकुन्द पोखरेल, महासचिव

**ट्रेकिङ एजेन्सीज एसोशिएसन अफ नेपाल**

१. श्री ज्योति अधिकारी, अध्यक्ष

२. श्री नवराज दाहाल, महासचिव

**रोहवरका प्रतिनिधिहरु :-**

१. श्री डी.बी. कोइराला, सल्लाहाकार, टान कार्यसमिति

२. श्री बच्चु नारायण श्रेष्ठ, द्वितिय उपाध्यक्ष, टान कार्यसमिति

३. श्री कर्ण बहादुर लामा, सचिव, टान कार्यसमिति

४.श्री ईश्वरी पौडेल, कोषाध्यक्ष, टान कार्यसमिति

५. श्रीमती मञ्जु बराल, सदस्य, टान कार्यसमिति

६. श्री नाम्गेल शेर्पा, सदस्य, टान कार्यसमिति

७. श्री राजेन्द्र लामिछाने, केन्द्रीय सदस्य, अ.ने.ट्रे.ट्रा. तथा रा.म.सं.

मितिः २०६४, असोज, २७ गते आईतबार ।